# बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८१।८२
चलानी नम्बर :

मिति: २०८१।११।११

**आय आर्जनमा साझेदारी कार्यक्रम सञ्चालन गर्न सहकारी संस्थाहरुको लागि प्रस्ताव आव्हानको सूचना**

सूचना ।                    सूचना ।।                    सूचना ।।।

प्रस्तुत विषयमा बाणगंगा नगरपालिका सहकारी शाखाको चालु आ.व. २०८१।८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सहकारीसँग आय आर्जनमा साझेदारी कार्यक्रम अन्तरगत रु १०,००,०००/- (दश लाख मात्र) विनियोजन भएको र सत्तरी प्रतिशत अनुदानमा (७०% नगरको र ३०% सहकारी संस्थाको लागत सहभागिता) कार्यक्रम सञ्चालनको लागि मिति २०८१।११।११ गते सूचना प्रकाशन गरिएकोमा सो सूचना अनुसार इच्छुक सहकारी संस्थाबाट (बाणगंगा नगरपालिकाको कार्यक्षेत्रभित्र संञ्चालित बचत तथा ऋण बाहेकका सहकारी संस्थाहरु) दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन (मिति २०८१।११।२५ गते) भित्र सहकारी शाखामा तपसिल अनुसारका कागजातहरु संलग्न गरी तोकिएको ढाँचामा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

थप जानकारीका लागि सहकारी शाखामा सम्पर्क गर्न सकिनेछ।

**प्रस्ताव साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु**

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी,
(ख) संस्थाको विनियमको प्रतिलिपि,
(ग) लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,
(घ) करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
(ङ) आयोजनाको प्रस्ताव (ढाँचा, आयोजनाको प्रकृति, प्रतिफल, नवप्रवर्द्धन, नागरिक सहभागिता खुलाउने),
(च) साधारण सभा वा सञ्चालक समितिबाट आयोजना सञ्चालन गर्ने निर्णय गरेको निर्णयको प्रतिलिपि,
(छ) सञ्चालक समितिको पदाधिकारीको नाम, ठेगाना र सम्पर्क टेलिफोन मोवाईल नम्बर खुलेको विवरण,
(ज) निर्माणसंग सम्बन्धित कार्यक्रमको हकमा संस्थाको आफ्नो नाममा रहेको जग्गाधनी पुर्जाको प्रतिलिपी।

भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत